Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २५ | अंक: २१७ | वि.सं. २०८२ मंसिर १३ शनिवार | नेपाल संवत: ११४५, मंसिर शुक्लपक्ष नवमी | Saturday 29 November 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णालीमा थपिए २६ हजार नयाँ मतदाता

# निर्वाचनको तीन महिना अगावै सुरक्षार्थ खटिदैं नेपाली सेना



◣ओम शाही
सुर्खेत, १२ मंसिर ।

कर्णाली प्रदेशमा २६ हजार नयाँ मतदाता थपिएका छन् । आगामी २१ फागुनमा तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आह्वान गरिएको नयाँ मतदाता नामावली दर्तामा कर्णालीका १० जिल्लाबाट २६ हजार ६ सय ३५ नयाँ मतदाता थप भएका हुन् । १० असोजदेखि ५ मंसिरसम्म निर्वाचन आयोगले नयाँ मतदाता नामावलीमा नाम दर्ता गर्न समावधि तोकेको थियो । नेपाली नागरिकता प्राप्त गरी २० फागुन २०८२ सम्म १८ वर्ष पुगेकाहरुले मतदानमा भाग लिन पाउने गरी आयोगले नाम दर्ता गराउन आग्रह गरेको थियो ।

निर्वाचन आयोगको कर्णाली प्रादेशिक कार्यालयका निमित्त प्रदेश निर्वाचन अधिकारी नन्दराम चौलागाईंका अनुसार सुर्खेतमा सबैभन्दा धेरै नयाँ मतदाता थपिएका छन् । उनले सुर्खेतमा सात हजार तीन सय ६२ नयाँ मतदाता थपिएको जानकारी दिए । आयोगको कर्णाली प्रादेशिक कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार दैलेखमा तीन हजार ६ सय २६, कालीकोटमा एक हजार सात सय ७६ जना नयाँ मतदाता थपिएका छन् । यस्तै, जुम्लामा तीन हजार ३६, हुम्लामा आठ सय २४, मुगमा सात सय ७४, डोल्पामा एक हजार सात, जाजरकोटमा दुई हजार दुई सय १० जनाले फोटोसहितको नयाँ मतदाता परिचयपत्रका लागि नाम दर्ता गराएका छन् । सल्यानमा तीन हजार एक सय ८०, रुकुम पश्चिममा दुई हजार आठ सय ४० नयाँ मतदाता थपिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार यसअघि कर्णालमा दश लाख ६ हजार आठ सय ३४ पुराना मतदाता छन् ।

फोटोसहितको नयाँ मतदाता परिचयपत्रमा नाम दर्ता गराउन आयोगले दिएको समयावधी सकिएसँगै निर्वाचनका बाँकी काम सुरु हुने चौलागाईंले बताए । 'आयोगले मतदाता नामावली दर्ता गर्न तोकेको समय ५ मंसिरमा समाप्त भएकोक छ,' चौलागाईंले भने, 'अब मतदाताको नाम अद्यावधिक, दोहोरो नाम रुजु, नामसारी, दावी विरोध लगायतका काम सकेर एकिन तथ्यांक निकाल्ने काम सुरु हुन्छ ।' २३-२४ भदौको जेन-जी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमले दुई वर्ष अगावै देशलाई पुनः प्रतिनिधिसभा निर्वाचनमा धकेलेको थियो । सामाजिक सञ्जालमाथिको प्रतिवन्धको विरोध, भ्रष्टाचार अन्त्य र सुशानको माग राखेर सडकमा उत्रिएका जेन-जी समूहमाथि सरकारले अत्याधिक बल प्रयोग गरेपछि २३ भदौमा

▶▶ बाँकी ३ पेजमा

### तीन महिना अगावै सेनाको तैनाथी

आगामी फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षार्थ तीन महिना अगावै नेपाली सेना परिचालन हुने भएको छ । यस अघिका निर्वाचनको एक महिना अघि मात्रै सेना परिचालन हुने गरेको थियो । पछिल्लो सुरक्षा अवस्थालाई ध्यानमा राखेर निर्वाचन सुरक्षार्थ सेना तैनाथ गर्न लागिएको हो ।

नेपालको संविधानको अधिनमा रहेर राष्ट्रपती रामचन्द्र पौडेलले निर्वाचनमा सेना परिचालन गर्न स्वीकृति प्रदान गरेका हुन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय तथा प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपती पौडेलले निर्वाचनमा सेना परिचालनको स्वीकृत दिएका हुन् । यसअघि राष्ट्रिय सुरक्षा परिषद्ले निर्वाचनको सुरक्षा प्रयोजनार्थ सेना परिचालन गर्न मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सेना परिचान गर्न लागिएको जनाइएको छ । जेन-जी आन्दोलनका कारण नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सुरक्षा चुनौती महसुस गरिहेकाले उनीहरुको मनोबल उकास्न सेना परिचालन गर्न लागिएको दावी गरिएको छ । निर्वाचन सुरक्षा योजना अन्तर्गत मतपत्र छपाई, ढुवानी तथा मतदानस्थलको बाहिरी सुरक्षा घेरासँगै सुरक्षा दृष्टिकोणले संवेदनशिल मानिएका क्षेत्रमा सेना खटाउने गरिएको यसअघिको अभ्यास छ ।

तोकिएकै समयमा निर्वाचन गराउने सरकारी तयारीका बीच प्रहरीले पनि निर्वाचन लक्षित सुरक्षा गस्तीलाई तीव्रता दिइरहेको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार प्रदेशका १० वटै जिल्लाका मतदान केन्द्र लक्षित छोटो तथा लामो दुरीका सुरक्षा गस्ती भइरहेका छन् ।

## पर्या-पर्यटनको आकर्षक गन्तव्य बर्दिया राष्ट्रिय निकुञ्ज

◣युग संवाददाता
बर्दिया, १२ मंसिर ।

नेपालको तराई क्षेत्रको सबैभन्दा ठूलो संरक्षित क्षेत्रका रुपमा बर्दिया राष्ट्रिय निकुञ्जले चासो र चर्चा कमाएको छ । सुरुमा कर्णाली वन्यजन्तु आरक्षका रूपमा स्थापित यो निकुञ्ज पछि बर्दिया वन्यजन्तु आरक्ष हुँदै २०४५ मङ्सिर २० गते बर्दिया राष्ट्रिय निकुञ्जका रुपमा घोषणा भएको हो ।

यस निकुञ्जले बर्दियाको भूमि भएर बग्ने कर्णाली र बबई नदीका केही भागसमेत समेटेको छ । यसको कुल क्षेत्रफल ९६८ वर्गकिलोमिटर रहेको छ भने यसको मध्यवर्ती क्षेत्र ५०७ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको छ । स्थानीय जनतालाई नियमित रूपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नेगरी २०५३ सालमा मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो ।

निकुञ्जअन्तर्गत चुरेको माथिल्लो भेगमा केही सल्लाका जङ्गल रहे पनि तराईतर्फको अधिकांश भाग सालको जङ्गलले ढाक्नाका साथै बीचमा विशाल घाँसेमैदान रहेका छन् । विशेषतः पाटेबाघको मुख्य वासस्थान क्षेत्र रहेका कारण उनीहरूको आहारा प्रजातिको वासस्थान संरक्षण गर्ने उद्देश्यले यस निकुञ्जको स्थापना गरिएको हो ।

सन् २०२२ को गणनाअनुसार यस निकुञ्जमा १२५ वटाको सङ्ख्यामा बाघ रहेको बर्दिया संरक्षण क्षेत्रका अध्यक्ष राजन चौधरीले जानकारी दिए । उनका अनुसार विश्वका १३ वटा देशमा चार हजार ८०० को सङ्ख्यामा बाघ भएको पाइएको छ । बाघ भूमिका रुपमा बर्दियाले आफ्नो विशिष्ट स्थान बनाएको बताउँदै चौधरीले यो क्षेत्र नमूना सिकाइको ठाउँका रुपमा पनि विकास भएको बताए । "बाघकै कारण विश्वको ध्यान बर्दियामा आकर्षित भएको छ, यहाँ बाघका ठूला ठूला अनुसन्धानसँगै विभिन्न डकुमेन्ट्री पनि बनेका छन्", उनले भने ।

बाघसँगै अन्य जनावरका साथै विविधतायुक्त वनस्पति समेतले यो पर्या-पर्यटनको विशिष्ट गन्तव्यका रुपमा स्वदेश एवम् विदेशमा चासो र चर्चा कमाइरहेको उनले जानकारी दिए । बर्दिया राष्ट्रिय निकुञ्जमा बाघसँगै हात्ती, एकसिङे गैँडालगायत ६२ भन्दा बढी स्तनधारी प्रजातिका जनावर रहेका छन् । यस निकुञ्जमा ५१५ भन्दा बढी प्रजातिका चरा, विभिन्न प्रजातिका घस्रने वन्यजन्तुका साथै १२१ प्रजातिका माछा पाइने उक्त क्षेत्रमा पर्यटक पथप्रदर्शका रुपमा काम गर्दै आउनुभएकी मञ्जु महतराले जानकारी दिए । पर्या-पर्यटनको प्रचुर सम्भावना रहेको यस निकुञ्जमा बर्सेनी स्वदेशी एवम् विदेशी पर्यटकको सङ्ख्या बढिरहेको उनले जानकारी दिए ।

यहाँ आउने पर्यटकका लागि निकुञ्जले प्रवेश शुल्क वापत नेपालीका लागि एक सय रुपैयाँ, सार्क राष्ट्रका पर्यटकका लागि ७५० रुपैयाँ र विदेशी पर्यटकका लागि एक हजार पाँच सय रुपैयाँ शुल्क निर्धारण गरेको छ । यहाँ घुम्नका लागि प्रयोग हुने जीप, पर्यटक पथप्रदर्शकका लागि भने थप शुल्क लाग्ने गर्दछ । संसारमा सजिलै बाघ देख्न सकिने ठाउँका रुपमा ठूलो संख्यामा विदेशी पर्यटकको पनि आगमन बढिरहेको बताउँदै उनले पछिल्ला वर्षमा आन्तिरिक पर्यटकको आगमन पनि

▶▶ बाँकी ३ पेजमा

**घर भाडामा रहेको सूचना**

वीरेन्द्रनगर रंगशालाको पुर्व पट्टी रहेको गेटको अगाडि मनकामना होटल रहेको पुरै घर होटल प्रयोजनका लागि भाडामा भएको हुदाँ इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क गर्नुहुन अनुरोध छ ।

**तपशिल :**
**नाम** : रमेश कुमार ढकाल
**ठेगाना** : वीन.न.पा-८ (आवाश क्षेत्र)
**सम्पर्क नम्बर** : ९८५८०५००१९



कथा :

# वीरवहादुर



✍ पृथ्वी बहादुर सिंह

२०४६ सालका प्रथम संयुक्त जनआन्दोलन सहभागी नभएको जनमोर्चा पार्टीले एकदलीय वामपन्थी राज्य सत्ताको सपना वोकी २०५२ सालमा माओवादी पार्टी नाम परिवर्तन गरी लामो जनयुद्ध घोषणा गरी वन्दुक उठायो । देशभर यो युद्धमा युवायुवती लामवद्ध हुँदा सिम्ता गाउँका युवाती पनि युद्धमा सामेल भए । प्रेमवहादुर भने पत्रकारको रुपमा गाउँ शहर परिचालित भईरहेका थिए । पत्रकार रुपमा कहिले सरकारी कहिले माओवादी कार्यक्रमका घटनामा पुगेर सत्यतथ्य घटना समाचार संकलन सम्प्रेशण विभिन्न सञ्चारदेखि साहित्यका विभिन्न विधामा उजागर गर्दा राज्य पक्ष र विद्रोही पक्षवाट अनेक प्रकारका करकाप दबाव मुलक ज्यान मार्ने धम्की आउँदा प्रेमवहादुर आफनो गाउँ शहर छोडेर राजधानी पुगी अर्धभुमीगत रुपमा ज्यान वचाउन पुगे । हरेक दिन खाना वस्नको जोहो गर्न उपत्यकामा तिनै शहर घुमी आ‍ना साहित्य सिर्जना बेची कृर्तीपुर डाँडोमा वास विसाउँथे ।

देश घनिभूत रुपमा दोहोरो भिडन्त र सुराकी आशंकामा रगताम्मे भैरहेको थियो । २०५८ साल जेठ १९ गते नारायण हिटी दरबारको रात्री भोजमा राजा वीरेन्द्रको सपरिवार षडयन्त्र पुर्वक हत्या भएको खबर सञ्चारमा छायो । त्यहि दिन विहान प्रेमवहादुरलाई सिम्ता घरवाट छोरा जन्मेको खबर फोनमाश्रीमती गरिन । यता नरमपन्थी राजा वीरेन्द्रको सपरिवार हत्या उता घरमा छोरा जन्मेको खबरले हर्ष विस्मत भै काठमाडौंमा कर्फ्यु लाग्दा दिनभरी किर्तीपुर डाँडोमा नारायणहिटी दरवार हेर्दै प्रेमवहादुरले विताए । वंशजको नाताको क्रमले राजा हुन आएका ज्ञानेन्द्रले संसद विघटन गरी पुन : संकट कालको घोषणा गरे । संकट काल लाग्दा आ‍ना गतिशिल सिर्जना वेचेर खाने र वाच्ने आधार परिस्थितिको सिर्जना नभए पछी प्रेमवहादुर रात्री वस छिन्चु पुगी सल्लीवजार जाने वसमा वसेर पुगी पैदल सिम्ता आफनो गाउँ पुगे । भोलिपल्ट छोरा जन्मेको ११ दिनमा न्वारन गरि छोराको नाम वीरवहादुर पंण्डितले राखीदिए ।

गाउँमा युवायुवती नहुँदा सन्नाटा छाएको थियो । भेरी नदीमा द्वन्द्वको रगत रंगीन भएर वगिरहेको थियो । द्वन्द्वमा आमने सामने उभिएका राजा ज्ञानेन्द्रको प्रतिगमन पछि वार्ता गर्न थालेका थिए । प्रेमवहादुर भने धेरै सिम्ताली युवाहरु भारतको गुजरात प्रदेशमा भाडाको श्रम वगाउन गएका छन । म पनि उतै पुगी केहि दिन, महिना भारत लोकतन्त्रले कसरी कृषि औधोगिक क्रान्ति पर्यटन स्थलको व्यवस्थित विकास कसरी गरेको रहेछ । खाना बस्न सिम्ताली युवाहरु दिइहाल्छन भाडा आफना सिर्जना नेपाली युवालाई विक्री गरौला भनी परिवारस‘ग सल्लाह गरी हिडे । ६ महिना बसाइमा गुजरात, महाराष्ट्र कृषि पशुपालन फर्म पर्यटनदेखि उद्योग स्थलहरुको अध्ययन अवलोकन गरे । यता नेपालमा आमनेसामने वन्दुक उठाएका संसदवादी माओवादी प्रतिगमन शाही शासन विरुद्ध दिल्ली पुगी शान्ति सम्झौता गरी दोस्रो संयुक्त आन्दोलन गर्ने घोषना गरे ।

प्रेमवहादुर पनि भारतको घुम्ती यात्रा अन्त्य गरी संयुक्त जनआन्दोलन दोस्रोमा सहभागी हुन सिम्ता घर आई पुगे । सिम्ता, वीरेन्द्रनगर, नेपालगन्ज वुटबल हुँदै राजधानी काठमाडौंसम्म, पत्रकार सिर्जनाकार राजनीतिकारको पङ्तिमा उभिएर प्रहरीको लाटी खाँदै हिरासत बस्दै जनताको नाँसो जनतामा फर्काए पछी सिम्ता घर पर्केका थिए ।

संम्बिधानसभामा हाम्रो पार्टी होइन राम्रो पार्टी व्यक्ति विजयी वनाउँ भनी संचारवाजीमा उभिएका थिए । २०६४ सालको सम्बिधान सभाले निरुन्कुश राजतन्त्र अन्त्य गरी गणतन्त्र घोषणा गरेको दिन वेलुका सिम्ता आफनो घरमा प्रेमवहादुरले दिपावली गरेका थिए । ठुला छोरा छोरी माध्यामिक अध्ययन पछी उच्च शिक्षा अध्ययन गर्न पैसा नहुँदा सिम्ताका कृषक परिवारस‘ग वैवाहिक सम्वन्धमा वाधिएका थिए ।

अव वन्ने जन - सम्बिधानले शक्ति विकेन्द्रीकरण गरेर स्थानीय निकायलाई नै शक्ति सम्पन्न वनाउन पर्छ भनी २०७२ को सम्बिधान नवन्दासम्म गुजरामुखी कृषि पशुपालन र विभिन्न संघ सस्थाले जनसम्बिधान वनाउन आयोजना गरेका दवावमुलुक कार्यक्रममा उपस्थित साथै दरो कलम उठाउने गरेका थिए ।२०७२सालमा जनसंम्बिधान घोषणा भयो । युगौंदेखि केन्द्रीय तहमा निरङ्कुश सामन्तवादले राखेको शक्ति केही हदसम्म विकेन्द्रीकरण भएर स्थानीय तहमा त आयो विस्तारै जनमत संसदले सशोधन परिमार्जन गर्दै युगौयुगदेखि चलेका सामान्तवाद गढ पर्खाल भत्कनेछन भन्ने सोचमा प्रेम वहुारमा रहेको थियो ।

२०५८सालमा जन्मेको वीरवहादुर विस्तारै माध्यमिक तहको कृषि अध्ययन तिर वढिरहेको थियो । घरमा पनि वावु प्रेम वहादुर अब हाम्रो देश कृषि पशुपालन व्यवस्थित फर्म तयार गरी युवायुवतीको परदेश भाडाको श्रमको यात्रा विस्तारै अन्त्य गर्दै स्वदेसमा आत्मा निर्भर हुने प्राकृतिक स्रोत साधन रहेको छ भनी परिवार विच छोरा वीरवहादुरलाई सम्झाई रहन्थ्यो २०७३ सालको तिनै तहको निर्वाचन पछि स्थानिय तहमा न.पा.गा.पा.लाई नै विभिन्न संघ सस्था खोल्ने अधिकार प्राप्त भएकोले प्रेमवहादुर सिम्ता गा.पा.गएर आक्तनै प्रेम कृषि पशुफार्म दर्ता गराउन पुग्छन । आफनै गुजरामुखी कृषिलाई फार्म व्यवस्थापन गर्दै लैजान विभिन्न ंघ संस्था सहयोग वैक समेतको ऋण लिएर वाख्रा पालन फलफुल तरकारी खेती कृषि पढदै गरेको वीरवहादुरलाई पनि सम्झाउँदै भन्छन विदेशी भुमिमा गएर भाडाको लाहुरे वीरवहादुर मजदुर भएर युगौंदेखिको संस्कार अन्त्य गरेर आ‍नै मातृभूमिमाश्रम पोखेर आत्मनिर्भर हुन सकिन्छ । कृषिमा १२ कक्षा अध्ययन पछि प्राइभेट भेटनरी तालिममा पोखरा पठाएरवीरवहादुरलाई दक्ष बनाउछन् ।

बाह्र कक्षा उतिर्ण भेटनरी तालिम पछिवीरवहादुरले थप ज्ञान प्राप्त गर्न सिम्ताली वन्गाडी युवाहरु प्रायः भारतका गुजरात, महाभारत प्रदेशका विभिन्न गाउँहरुमा तोरी लाहुरेको रुपमा लामो समयदेखि भाडाको श्रम पोख्दै आईरहेका थिए । ति स्थानहरुको अवलोकन अध्ययन गर्ने थप ज्ञान प्राप्त गर्न मन बनाएर वीरवहादुरले वुवा प्रेमवहादुरस‘ग भने वुवा म सिम्ताली बन्गाडी युवाहरुले लामो समयदेखि भाडाको श्रम कमाउन जाने छिमेकी मुलुक भारतको गुजरात,महाराष्ट्र प्रदेश थप ज्ञान प्राप्त गर्न घुम्न जान्छु भने । प्रेमवहादुरले पनि जाऊ छोरा थप ज्ञान प्रत्यक्ष अवलोकनले वाक्लो हुन्छ भनी सहमती दिए ।

यात्राको पहिलो पटक गुजरात औद्योगिक शहर गाउँ अहदवाद राजकोट जामनगर, सुरथ वरौदा, कलकारखाना बजार, पसल, होटल संघ संस्था निजी घर अपारमेन्ट गोर्खा नै मजदुर, चपरासी उभिएको पाउ‘छ । अहंदावाद गाउँमा भडवार,यादवका गाई भैंसी भेडा बाख्रा फार्म र राजकोट शहर पटेल गाउँका पटेल दरवारका बादाम, कपास, नरिवल छोहोरा फार्म पनि मजदुर चपरासी गोर्खा वहादुर उभिएको पाउ‘छ । राष्ट्रियता झल्काउँछु भनि गुजरातका शहर गाउँ घुम्दा वहादुर कुछ काम करेगा भने पछी टोपीझोलामा राखी वालकोरेर घुम्दा भने भन्न सकेनन् । त्यहि यात्रा क्रममा श्रीकृष्णको लिला हेर्न द्वारीका वेडदारीका धाम सोमनाथमा उर्लिएको अरब सागर हेर्छ । पर्यटन स्थल अक्सरधाम हेरी गिरनारपुरी पुगी अम्वीके देवी दत्तात्रेय मन्दिरमा आस्था विसाउँछ वीरवहादुर ।

त्यसपछीको यात्रा वीरवहादुर महाराष्ट्र भारतको अन्तराष्ट्रिय व्यापार केन्द्र मुम्वइको चौपाटी पुगी हिन्द महासागर उर्लिएको छालहरुमा वसी समुद्री सयर गर्छ । संसारका यौन लिलामा सुतेको मुम्वइको दादर अधेरी गल्ली भित्रको रेडलाइट पुगी नेपाली चेलीका कथाव्यथा सुन्छ । त्यहा‘वाट रत्नगिरी पुनेका आँप, फार्ममा महाराष्ट्रको प्रख्यात उन्जाउ हेर्न जान्छ । त्यहाँ पनि गोर्खेवहादुर चपरासी मजदुर उभिएको पाउ‘छ । त्यहाँवाट नासिक जय हिन्द पाँचतारे होटलका कुक वनगाड घाटगाउँका पुर्ण वहादुर वि.सी संग फोन सम्पर्क गरी उसको डेरामा वास वस्न गएर स्टाप खाना खाएर बिसाँउछ । यी दुइ प्रदेशको अध्ययन अवलोकन भ्रमणमा सिम्ताली वन्गाडी युवाहरुले खान बास वस्न देखि यातायात भाडाको सहयोग पाएको थियो वीरवहादुरले । त्याहाँवाट फक्रदा राजिस्थानको जयपुरका वरिपरीका गाउँमा अंगुर केरा खेती हेरी पक्रदा यो भ्रमणले भारत र अन्य मुलुकमा भाडामा श्रम पोख्न जाने मन मरेर आ‍नो सिम्ता कै कृषि पशु फर्ममा श्रम वगाउने मन वनाएर सिम्ता घर फर्किएका थिए वीरवहादुर ।

अर्कोवर्ष फेरी लाहुरे हुन भारतीय गोर्खा रेजिमेन्टमा भर्ती हुनपाए छिट्टै धन कमाउने चाहना वढ्छ वीरवहादुरको । वुवासं‘ग गएर भन्छ गत वर्ष त दक्षिण भारतको अवलोकन गरे । यो वर्षमा भारतको उत्तर पश्चिम पहाडी भुभागमा धार्मिक पर्यटकीय स्थलहरुको अध्ययन अवलोकन गर्छु वुवा भन्यो । वुवाले पनि अध्ययन अवलोकनले छोरा थप ज्ञान प्राप्त हुन्छ जाऊ भनी सहमती दिए ।

घर विदामा सिम्ता घर आएका हिक्मतवहादुर लाहुरेस‘ग गोर्खा रेजिमेन्टले डिउटी गर्ने भारतको जम्बु कस्मिर पाकिस्तान र चिनको सिमाना लेलद्दाख नो म्यान्स लाइन नजिक डिउटी नजिक पुग्छ । त्यहाँ सीमा सुरक्षाका सहादात् भएका गोर्खा वहादुरका लहरै शालिकहरु उभ्याएका देख्छ । यता नेपालमा पेन्सन खाने दिदि वहिनी आमा वज्यै जिवित लाहुरेकीश्रीमतीको वेचैनी सम्झिन्छ वीरवहादुरले ।यो दृश्यवाट उ गोर्खा रेजिमेन्टको लाहुरे हुन्न भनि फर्कन्छ ।

फर्कने क्रममा उहिलेको कालापहाड हिमाञ्चल प्रदेशको कनोर पुगी ढाका टोपी उतारी कनौरे टोपी लगाएर कनौर सिमला सोलोन राजगढ,श्रीमोरका गाउँ वस्ती पुग्दाहेर्दा सडक ,भवन निर्माण स्याउ टिप्न पसल होटलकृषि बाख्रा गाई फार्मका मजदुर,विभिन्न निजी सहकारी संघ संस्थामा चौकिदारी प्राय कर्णालीका युवाहरु धेरै भेटाउ‘छ । यहाँ घुम्दा गुजरातको जस्तो टोपी लगाए वहादुर भनी काममा वोलाउछन होला भनी त्यहाँको कनौरे टोपी लगाएर अवलोकन गरेको थियो । यो अवलोकन गर्दा जाजरकोटका कृष्णवहादुरको डेरामा दुइरात दिन खाना सुन्न सित्तैमा मिल्यो । यस्ता पहाडहरुमा पशुफलफुल ,तरकारी फार्म तयार गरे मेरै कर्णाली कती उर्वर छ । आफनो सिम्ता घरको फार्ममाश्रम वगाउछु सोच्दै फर्किन्छ । फर्कने यहि क्रममा भारत उत्तरा खण्डमा रहेका धार्मिक पर्यटकीय स्थल पनि अवलोकन गरेर घर जान्छु भनी वुवालाई थप यात्रा गर्न एउटा खसी वेचेर भए पनि दश हजार भारु Nepal SBI Bank.Ltd मा पठाउनु भनि फेसवुकमा कुरा राख्छ । वावुले पनि छोराको ज्ञान प्राप्त गर्ने चाहान पुरा गर्न एउटा खसी वेची पठाउ‘छन । डेरादुन पुगी वैकवाट रकम झिकेर गोर्खा राज्य विस्तारमा वहादुरीका साथ अंग्रेजस‘ग लडेका दुन माथी नालापानी गढीमा उभ्याएका बलभद्र कुवर ‘को सालिकमा सलाम चढाउ‘छ । त्यहिवाट नैनी ताल पुगी नैनी देवी दर्शन गरी आस्था विसाएर त्यहाँवाट वद्रि केदारनाथ उच्च पहाडको टुप्पोमा स्थापित मन्दिरमा आस्था विसाउन वस स्टेसन पुग्छ । भारतका विभिन्न प्रदेशवाट हिन्दु आस्थावानहरु पुगिरहेका थिए । ति आस्थावानहरुलाई २२ कि.मि.दुरीमा कुनै भौतिक यातायात साधन विना हिडेर जानु पर्ने रहेछ । भारतका समथर भुभागवाट आस्था बिसाउन जाने आउनेलाई डोलीमा वोकाएर आस्थावान जान आउन पाउने अनुमती रहेछ । त्यहाँ पनि डोलीमा वोक्ने प्राय : कर्णाली प्रदेका युवाहरु भेटिए । ति माथिमन्दीरमा लैजान वोलाउ‘दा “नेपाली खच्चर इधर आऔ उपर मन्दिर तक लैजाऔ भाडाको तय गरी वोलाएर लिने ल्याउने गरेको देख्दा वीरवहादुर पानी पानी भएर लज्जित हुन्छ । वीरवहादुर पनि पैदल केदार नाथ मन्दिर पुगी आस्था विसाएर त्यही मन्दिर परिशर सोच्छ यस्ता उच्च पहाडका चुचुरामा देवदेवीहरुको मठमन्दीर निमार्ण गर्न सके आस्था विसाउन आउनेहरुले डोली डोकामा चुचुरा पुऱ्याउने ल्याउने युवाहरुलाई यस्ता निच वचनले वोलाउदैनथे होला भन्ने मनलाई दिक्क वनाउँदै तल फर्केका थिए । वीरवहादुर फर्कने क्रममा हिन्दुहरुको अर्को ठुलो आस्थाको केन्द्र गंगा नदीको किनार अबस्थित ,हरिदार पुग्दा यहिवेला गंगा किनारमा विभिन्न मठमन्दिर दर्शन गरी आस्था विसाई रामदेवको आयुर्वेद औषधी उत्पादन , ध्यान केन्द्र धार्मिक वचन समेतको ज्ञान प्राप्त गरी स्वदेश फर्कन्छु भनी वसवाट ओर्लिए । वीरवहादुर गंगा स्नान गरी मन्दिरहरु आस्था विसाए रामदेवका गाइफार्म, आयुर्वेदिक औषधी उत्पादन अवलोकन पछी ध्यान केन्द्रमा शिक्षा लिन वसे । ध्यान शिक्षँ ग्रहण गर्दै सोच्थे यस्तो गंगा नदी जल जस्तै निर्मल जल भएकी भेरी कर्णाली नदी सुर्खेतको घाटगाउँमा मिलन गर्दछन । त्यहि मिलन दोभानको वरीपरी वण्डालमा अनेक थरी भगवानका मठमन्दिर निर्माण गर्दा कति सुन्दर स्थल जल छ । नेपालमा पनि दोस्रो हरिकेदार हुने थियो,आस्तिकहरु आस्था विसाउने थिए । नेपाल मध्य कै कर्णालीका उच्च हिमाल पहाड पाटन जंगल खेतहरुमा हजारौ हजार जटीवुटीले भरिभराउँछन् । तिनको स्वदेशमा व्यवस्थित उत्पादन प्रशोधन गर्न सकिने सम्भावना प्रचुर छ । ध्यानमा सोच्दै अन्त्य पछि रामदेवलाई नमन चढाएर त्यही सामुहिक खाना खाएर स्वदेश यात्रा तिर लागेका थिए वीरवहादुर ।

भारतका विभिन्न भुगोलको अवलोकन गरेर घर फर्कदा अब परदेशको श्रमदास यात्रामा पुकार्ने बहादर, गोर्खे, वीर गोर्खाली लाहुरे शालिक देखि नेपाली खच्चर बन्दिन । युगौंयुगदेखि चलेको गुजरामुखी कृषि पशुपालन व्यवशाय अन्त्य गर्दै वैज्ञानिक व्यवस्थित उधोग, कृषि र पशुपालन उत्पादन गर्ने अठोट् गर्दै जन विजयी नेतृत्वलाई सुशासन चलाउन द्वन्द्व अन्त्य गर्ने खबरदारी गर्दै स्वदेशमा नै श्रम विवेक लगाउने छु भन्ने अठोट मन एकहोरो वनाउँदै एक पङ्ती कविता सिर्जना गर्दै सिम्ता पुगेको थियो वीरवहादुर ।

*नेपाली भुमी नेपाली धनी प्रकृती खानीले ।*
*नेपाल उन्नत हुनेछ युवा श्रम पोख्नाले ॥*

*२०८२/०१/०१ (नयाँ वर्ष)*
*सिम्ता गा.पा.४ पिल्क, सुर्खेत, कर्णाली प्रदेश*

कविता

## अझै नदौड पार्टीको पछाडी अब



✍ मेलिना बुढा

नदौड राजनीतिक पार्टीको
पछाडि अब
खुनले लतपत शरीर र जुत्ता
बाटोमा जब
धोस्त भएको देश बनाउन
हिडेका युवा
घर कैले फर्किएनन् तर कफन
फर्कियो
आज अर्काको छोरा, छोरीलाई
देशले गोली हान्यो ।
भोली तिम्रा छोराछोरी त्यही
ठाँउमा होलान् ।
अझै नदौडेउ राजनीतिक
पार्टीको पछाडी अब

हाम्रै पुर्खाले जयजयकार
गरेको नेताले गोली हान्ने
आदेश दियो ।
हाम्रै देशका युवा देशका लागि
भनेर शहिद भए ।
तर देश बदलिएन, शहिदका
सपना पुरा भएन ।

कविता

## म शान्तिकामी



✍ राजेन्द्रप्रसाद पोखरेल

हो, म शान्तिकामी हुँ
तर मरेको होइन,
मौन आँधी हुँ,
जसको स्वर गोलीभन्दा गहिरो,
र करुणाको महासागर भन्दा
विशाल हुन्छ ।

म युद्धको धुवाँमा फुलेको
सेतो लिलीको सुगन्ध हुँ,
घृणाको भित्तामा लेखिएको एक
वाक्य “अहिंसा अमर छ ।”

हो, म शान्तिकामी हुँ,
तर हात जोडी बस्दिनँ,
अन्यायको ढुङ्गोमा सत्यको बीउ
रोप्छु,
र प्रतीक्षा गर्छु –
कुनै दिन न्याय फुल्ला कि भनेर ।

शान्ति मेरो सपना होइन,
मेरो स्वभाव हो
जहाँ घृणाको बीउ उम्रिन्छ,
त्यहाँ म प्रेमको पानी हाल्छु ।

म शान्तिलाई गुलाब सम्झन्छु,
तर काँडा सँगै बचाउँछु,
किनकि बिना काँडा,
गुलाबको सुगन्ध दीर्घ हुँदैन ।

मलाई थाहा छ
रगतको रङ्गले कहिल्यै देशको
झन्डा सुहाउँदैन,
र घृणाले कहिल्यै भविष्य
रङ्ग्याउँदैन ।

त्यसैले म लेख्छु –
कवितामा प्रतिरोध,
मुस्कानमा विद्रोह,
र मौनमा आन्दोलन ।

तिमी भन्न सक्छौ –
“यो मान्छे सपनामा हरायो ।”
तर म जान्दछु
सपनाले नै जगाउँछन् सहरहरू,
र शान्तिले नै बाँच्छ मानवता ।

जब एक दिन बन्दुकहरू
थाकेर निदाएका हुनेछन्,
आकाश फेरि नीलो हुनेछ,
त्यो बिहान म उठ्नेछु,
शब्दको परेवा हातमा लिएर
शान्तिको सन्देश पठाउन ।

हो, म शान्तिकामी हुँ,
र गर्व गर्छु
किनकि इतिहासका सबै महान्
विद्रोहहरू शान्त हृदयबाटै सुरु
भएका थिए ।

विश्व

## वैश्विक पर्यटनमा निरन्तर वृद्धि : संयुक्त राष्ट्र

**मेड्रिड, १२ मंसिर ।**

सन् २०२५ को पहिलो नौ महिनासम्म विश्वभरि पर्यटक आवागमन लगातार बढ्दै गएको संयुक्त राष्ट्र पर्यटनले बिहीबार सार्वजनिक गरेको नयाँ तथ्याङ्कले देखाएको छ। संस्थाले आफ्नो त्रैमासिक पर्यटन सूचकमा उल्लेख गरेअनुसार, जनवरीदेखि सेप्टेम्बरसम्म १.१ अर्बभन्दा बढी मानिसले अन्तरदेशीय यात्रा गरेका छन्, जुन सन् २०२४ को त्यही अवधिको तुलनामा करिब ५ प्रतिशत बढी हो।

एशिया-प्रशान्त क्षेत्रमा महामारीपछिको सुधार जारी रहँदा आगमन ८ प्रतिशतले बढेको छ । यद्यपि यो सङ्ख्या सन् २०१९ का स्तरभन्दा अझै करिब १० प्रतिशत कम छ। अफ्रिकामा पर्यटक आगमन उल्लेखनीय रूपमा बढेको छ—उत्तर अफ्रिकामा ११ प्रतिशत र सहारा दक्षिण अफ्रिकामा १० प्रतिशत वृद्धि दर्ता भएको छ। युरोप विश्वकै सबैभन्दा ठूलो गन्तव्य क्षेत्र रहँदै, सन् २०२५ को पहिलो नौ महिनामा ६२५ मिलियन पर्यटक भित्र्यायो, जुन अघिल्लो वर्षको तुलनामा ४ प्रतिशत बढी हो।

उत्तर अमेरिकामा करिब एक प्रतिशत कमी देखियो भने दक्षिण अमेरिकामा ९ प्रतिशत र मध्य अमेरिकामा ३ प्रतिशत वृद्धि दर्ता भएको छ । यी क्षेत्रमा केही लोकप्रिय गन्तव्यहरूमा यात्रु माग बलियो देखिएको छ । संयुक्त राष्ट्र पर्यटनका महासचिव जुराब पोलोलिकासभिलीका अनुसार, “उच्च मूल्यवृद्धि तथा भू-राजनीतिक तनावका बाबजुद पनि यस वर्ष पर्यटक सङ्ख्या मात्र होइन, आम्दानीको हिसाबले पनि पर्यटन क्षेत्र अघि बढिरहेको छ। विशेष गरी अफ्रिका र युरोपले उल्लेखनीय उपलब्धि हासिल गरेका छन्,” उनले भने ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षा गरिएको काम सम्पादन हुनेछ । दैनिक आवश्यकता पूरा हुनेछन् र मिहिनेतको फल प्राप्त हुनेछ ।

**वृष** — गरिएको कामले नाम र दाम दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ ।

**मिथुन** — मिहिनेत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन् ।

**कर्कट** — स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला । सोचेको समयमा काम नबन्न सक्छ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।

**सिंह** — हाँसखेल र मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । आफन्तको सत्कार पाइनेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ ।

**कन्या** — स्वास्थ्य कमजोर बन्नाले चिताएको काम रोकिन सक्छ । गोपनीयता बाहिरिनाले अवसरवादीहरूले फाइदा उठाउन सक्छन् ।

**तुला** — प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। लगनशीलताले परिस्थितिलाई बदल्नेछ। पछि लाभ हुने काम प्रारम्भ हुनेछ।

**वृश्चिक** — परिस्थितिवश काममा बाधा हुने समय छ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् ।

**धनु** — आँटले काम लिँदा राम्रै प्रतिफल प्राप्त हुनेछ । सहयोगीहरूले काममा उत्साह जगाउनेछन्। रोकिएका काम बन्नेछन् भने नयाँ काम प्रारम्भ गर्ने समय छ।

**मकर** — अध्ययन र लेखनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ।

**कुम्भ** — रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले काममा हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**मीन** — खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला। आर्थिक प्रलोभन देखाउनेहरूबाट सजग रहनुहोला । लागत मूल्यांकन नगरी काम थाल्दा समस्या पर्न सक्छ।

## निर्वाचनको...

१९ जनाले ज्यान गुमाएका थिए। त्यसको विरोधमा भोलिपल्ट (२४ भदौ)मा भएको आन्दोलनले नेकपा एमाले र नेपाली कांग्रेसबीच बनेको गठवन्धन सरकारका प्रधानमन्त्री केपी शर्मा ओली राजिनामा दिन बाध्य बनेका थिए।

ओलीको राजिनामा पछि जेन-जी समूहको समर्थनमा प्रतिनिधिसभा विघटन भएर पूर्वप्रधानन्याधीस सुशीला कार्की अन्तरिम सरकारको प्रधानमन्त्री बनेकी थिइन। कार्की नेतृत्वको सरकारलाई २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन गराउने म्याण्डेड छ।

यद्यपी, सरकारले निर्वाचनलाई तोकिएकै समयमा सम्पन्न गराउने दावी गरिरहेको भएपनि नागरिक भने विश्वस्त हुन सकेका छैनन्। पछिल्लो समय जेन-जी र राजनीतिक दलका गतिविधिले चुनावलाई असर पर्न सक्ने विश्लेषण भइरहेको छ।

## पर्या-पर्यटनको...

उत्साहजनक रुपमा बढेको जानकारी दिए।

निकुञ्जअन्तर्गत हालसम्म तीन वटा सेक्टर, आठ वटा रेन्जपोस्ट र २४ वटा पोस्टबाट जैविक विविधताको संरक्षण, व्यवस्थापन तथा सार्वजनिक सेवासम्बन्धी कार्य हुँदै आएका छन्। नेपालको दोस्रो ठूलो सङ्ख्यामा प्रभावकारी रूपमा बाघ संरक्षण भएको यो निकुञ्जले २०२२ मा बाघ दोब्बर बनाउन सफल भएको थियो। त्यसबापत निकुञ्ज टिएक्सटु पुरस्कारबाट सम्मानित भएको थियो।

यो निकुञ्ज सफल रूपमा गैंडाको स्थानान्तरण भएको राष्ट्रिय निकुञ्जका रूपमा समेत चर्चित छ। यस निकुञ्जमा ३८ वटा एकसिङे गैंडा तथा १२० भन्दा बढी हात्ती रहेको महतराले जानकारी दिनुभयो। निकुञ्जमा बाह्रसिङ्गा,घडियाल गोही आदि रहेका छन्। निकुञ्जमा आउने पर्यटकहरू यहाँ देखिने बाघ, गैडा, हात्ति, घडियाल गोही, विभिन्न प्रजातिका चराचुरुङ्गीका साथै जैविक विविधता हेर्न लोभिने गरेको उनले बताए।

निकुञ्जका कारण यहाँको पर्यटनमा विशिष्ट योगदान पुगेको विगत ३१ वर्षदेखि यस क्षेत्रमा जङ्गल हेभेन होटेल एण्ड कटेज सञ्चालन गर्दै आउनुभएका पर्यटन व्यवसायी कृष्णप्रसाद भट्टराईले जानकारी दिए। उनका अनुसार यस क्षेत्रमा आउने पर्यटकका लागि स्तरीय खाने, बस्ने सुविधा रहेका छ। विशेषतः २०६२/६३ देखि नेपालीमा पनि घुम्ने क्रम निकै बढिरहेको बताउँदै उनले पछिल्लो समयमा आन्तरिक एवम् विदेशी पर्यटकको आगमन निरन्तर हुने गरेको जानकारी दिए।


## तालिम खुल्यो ! तालिम खुल्यो !!

### सिपपछि रोजगारीको अवसर

वीरेन्द्रनगर-१२, औधोगिक क्षेत्र सुर्खेतमा सञ्चालित एक उधोगमा हाते कपडा बुनाई (हेण्डलुम तान) बाट कपडा बुनाई सम्बन्धिको ३० दिने (एक महिना) पूर्ण अभ्याससहितको प्रशिक्षण तालिम खुलेको सहर्ष जानकारी गराउँदछौं। सिप सिकेका र सिप सिक्न चाहने इच्छुक महिलाहरुले तत्काल सम्पर्क राख्नुहोला। तालिम अवधिभर खाजाको व्यवस्था गरिनेछ। तालिमबाट उत्कृष्ट सिप सिक्ने ४ जनालाई पूर्णकालिन रोजगारी प्रदान गरिनेछ।

**तालिम सञ्चालन हुने**
**मिति** : २०८२ मंसिर १५ गतेदेखी २०८२ पुष १५ गतेसम्म
**समय** : विहान १०:०० बजेदेखी साँझ ४:०० बजेसम्म
**स्थान** : वीरेन्द्रनगर औधोगिक क्षेत्रभित्र
**सम्पर्क नं.** ९८५१३२९१६९


**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय

**दुनै, डोल्पा**

### आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८२/८/१०**

कर्णाली प्रदेश सरकारले सन्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माण सँग सम्बन्धित आयोजना हरुको पहिचान प्रस्ताव विश्लेषण, मूल्याङ्कन, प्राथमिकिकरण र छनौट प्रक्रियालाइ वस्तुनिष्ठ एवम माग र आवश्यकतामा आधारित बनाइ उपलब्ध स्रोत साधनको उच्चतम उपयोग हुने गरी विनियोजा कुशलता कायम गर्न र आयोजना छनौट प्रक्रियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहिता बढाउदै आयोजना अनुशासन कायम गरी आयोजन छनौट प्रक्रियालाइ व्यवस्थित प्रणालीबद्ध तथा संस्थागत गर्ने गरी तयार भएको आयोजनाको प्रस्ताव छनौट प्रक्रिया सम्बन्धि दोस्रो संसोधन कार्यविधि २०८२ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८३/२०८४ को लागी यस कार्यालय बाट कार्यान्वयन गरिने आयोजनाहरुको मिति मंसिर मसान्त भित्र यस कार्यालयमा आयोजना प्रस्ताव पेश गर्नुहुन प्रदेश सभा सदस्य ज्यु तथा ८ आठ वटै स्थानिय तहको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा अन्य निकाय/ स्रोतबाट कार्यान्वयन गर्ने विकास आयोजना, हाल सन्चालनमा रहेका विकास आयोजना र यस कार्यालयको कार्यक्षेत्र भित्रका आयोजना बैंक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएको आयोजनासंग दोहोरो नपर्ने गरी कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धि दोस्रव संसवधन कार्यविधि २०८२ को अनुसूची १ मा उल्लिखित विषय क्षेत्रको आधारमा रही अनुसूची २ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव गर्नुपर्नेछ। यस सम्बन्धमा आवश्यक पर्ने कार्यविधि तथा जानकारी कर्णाली प्रदेश सरकार योजना आयोगको वेवसाइट kppc.karnali.gov.np तथा अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा कार्यालयको टेलिफोन नम्बर ०८७-५५०१७६ वा इमेल idodolpa@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ।

**कार्यालय प्रमुख**

**अनुसुची-१५**
**(दफा ३३ को उप -दफा (२) सँग सम्बधिन्त)**

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०८/१३**

श्री कृकिटे चौपाता सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-०७, सुर्खेतको सामुदायिक वनबाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको सल्लो गोलिया काठ ग्रेड (ए) २८ थान ६४३.९९ क्यूफिट गरी जम्मा २८ थान ६४३.९९ क्यूफिट साथै सल्लो गोलिया काठ ग्रेड (ए) १० थान १९७.७० क्यूफिट र ग्रेड (बि) १० थान १११.२२ गरी जम्मा २० थान ३०२.९२ काठ/गोलिया जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस)औं दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ (बाइस)औं दिनमा दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री कृकिटे चौपाता सामुदायिक सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-०७, सुर्खेत श्री डिभिजन वन कार्यालय भेरी, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री कृकिटे चौपाता सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा.-०७, सुर्खेत।**

## नारायण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**दैलेख**
**कर्णालि प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०८/१३**

यस कार्यालयको चालु आर्थिक वर्ष २०८२/२०८३ मा खरिद हुने तपसिलका औपधिजन्य सामग्रीहरुको मिति २०८२/०७/१३ गते प्रकाशित सूचना वमोजिम ई-बिड मार्फत सिलबन्दि दरभाउपत्र आह्वान भई तोकिएको म्याद भित्र पर्न आएका सिलबन्दि दर भाउपत्रहरु मूल्यांकन हुंदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही सिलबन्दि दरभाउपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ।

| क्र.सं. | ठेक्का नं. | आयोजना विवरण | स्वीकृत भएको फर्मको नाम र ठेगाना | कबोल रकम रु (मू.अ. कर.सहित) |
|---|---|---|---|---|
| 1 | SQ/NM/2082-083/Goods/1 | Procurement of medicine,surgical and medical equipments for fiscal year 2082-083 | Srijana Medicine Suppliers, Nepalgunj-04, Banke | 6,93,618.22 |

**प्रमुख प्रशासकीय अधिकृत**

### सानी भेरी ३ अर्धजलाशययुक्त क्यास्केड जलविद्युत आयोजना (३० मेगावाट) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२।०८।१३**

कर्णाली प्रदेश रुकुम पश्चिम जिल्ला मुसिकोट नगरपालिका वडा नं. १ र २ मा सानी भेरी हाइड्रोपावर कम्पनि प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| प्रस्तावकको नाम र ठेगाना | सानी भेरी हाइड्रोपावर कम्पनि प्रा .लि काठमाडौँ |
|---|---|
| प्रस्तावको व्यहोरा | यस सानी भेरी हाइड्रोपावर कम्पनि प्रा .लि द्धारा रुकुम पश्चिम जिल्ला, मुसिकोट नगरपालिका वडा नं. १ र २, मा अवस्थित सानी भेरी खोलामा ३० मे.वा क्षमताको क्यासकेड प्रणालीको सानी भेरी ३ अर्धजलाशययुक्त क्यास्केड जलविद्युत आयोजना निर्माणको लागी प्रस्ताव गरिएको छ। यस आयोजनाको बाँध स्थल ५०० मि. माथिल्लो टटिय क्षेत्रमा रहेको सानी भेरी ३ जलविद्युत आयोजनाको टेलरेस नजिक हेडपोण्ड बनाइनेछ भने विद्युतगृह सानी भेरी नदी र कियाल्देव खोलाको संगमबाट १०० मि. तल्लो टटिय क्षेत्रमा प्रस्ताव गरिएको छ। यस आयोजनाको ग्रस हेड ७३ मि. र डिजाइन प्रवाह ५३ घन मि. प्रति सेकेण्ड रहेको छ। यस आयोजनामा बन्ने हेडरेस टनेल ४६०० मि. लामो हुनेछ, पेनस्टक पाइप ५०० मि तथा टेलरेस क्यानल १८५ मि. लामो हुनेछ। |
| प्रभाव पार्न सक्ने जिल्ला/ न.पा. | मुसिकोट नगरपालिका वडा नं. १ र २ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सानी भेरी हाइड्रोपावर कम्पनि प्रा .लि<br>काठमाडौँ, नेपाल<br>फोन: ९८५१३१५७३०<br>ईमेल : mail@sanibherihydro.com.np |
| **परामर्शदाताको नाम र ठेगाना** | युनिट्स इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.<br>कुपण्डोल, ललितपुर<br>फोन: ०१-५०१११००<br>ईमेल: units.c@gmail.com |

## खाँडाचक्र नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**मान्म, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०८/०९ गते)**

यस खाँ डाचक्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८२/०८/०९ गतेको निर्णय अनुसार देहाय बमोजिमका पदहरुमा सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस खाँडाचक्र नगरपालिकामा दरखास्त पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीका लागी यो सुचना प्रकाशित गरीएको छ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा/समुह | तह | माग संख्या | दरखास्त दस्तुर | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०८२/०८३ स्वास्थ्य | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य हे.ई. | सार्तौ | १ | १००० | जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| २. | २/२०८२/०८३ स्वास्थ्य | विद्यालय नर्स | स्वास्थ्य नर्सिङ | सहायक पाँचौं | १ | ७०० | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा PCL नर्स उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| ३. | ३/२०८२/०८३ स्वास्थ्य | अ.न.मी. | नेपाल स्वास्थ्य नर्सिङ | सहायक चौथो | ६ | ५०० | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा ANM कोर्ष उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| ४. | ४/२०८२/०८३ स्वास्थ्य | अ.हे.व. | नेपाल स्वास्थ्य हे.ई. | सहायक चौथो | १ | ५०० | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा CMA कोर्ष उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| ५. | ५/२०८२/०८३ स्वास्थ्य | ल्याव असिष्टेन्ट | स्वास्थ्य | सहायक चौथो | २ | ५०० | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा ल्या. असिष्टेन्ट कोर्ष उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको। |
| ६. | ६/२०८२/०८३ स्वास्थ्य | बैद्य | आयुर्वेद | सहायक चौथो | १ | ५०० | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमाAAHW कोर्ष उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको। |

**१. दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

क. शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपी १/१ प्रति
ख. नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति
ग. सम्वन्धित काउन्सिल दर्ता प्रमाण पत्रको प्रतिलिपी १ प्रति
घ. पासपोर्ट साईजको फोटो २ प्रति

**पदपुर्ति सम्बन्धि अन्य शर्तहरु**

१. उमेरको हदः- दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको। (जनस्वास्थ्य अधिकृत सातौं तहको लागी २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको।)
२. परिक्षाको किसिमः - लिखीत तथा अन्तर्वार्ता
३. तलव स्केलः- नगरपालिकाको नियमानुसार
४. परीक्षा मिति पछि प्रकाशित गरीने छ।
५. दरखास्त पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ।

**नि प्रमुख प्रशासकीय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# सिञ्जाले उद्यामीलाई सरल कृषि कर्जामा अनुदान दिने



**युग संवाददाता**
**जुम्ला, १२ मंसिर ।** जुम्लाको सिञ्जा गाउँपालिकाले पालिकाभित्रका कृषि उद्यमी तथा व्यवसाय गर्न चाहने बेरोजगार युवालाई राष्ट्रिय वाणिज्य बैंकको सहकार्यमा सरल कृषि कर्जामा ब्याज अनुदान दिने भएको छ।

कृषक समूह तथा सहकारी संस्थालाई कृषि व्यवसायका लागि सहज रूपमा बैंकबाट कर्जा प्राप्त गरी ब्याजमा अनुदान प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्न लागिएको गाउँपालिकाका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी दिए।

उनका अनुसार अनुदान लिने व्यवसायीलाई कार्यक्रममा सहभागी हुन सार्वजनिक सूचना जारी गरिएको छ। गाउँपालिकाभित्र बसोबास गर्ने युवालाई स्वरोजगार बनाउने र व्यवसायमार्फत आत्मनिर्भर बनाउने उद्देश्यले अनुदान दिन लागिएको अध्यक्ष धितालले बताए। उनका अनुसार कुनै कृषि व्यवसायमा आबद्ध १८ वर्षदेखि ६५ वर्ष उमेर सम्मका नेपाली नागरिक वा कानुनी रूपमा दर्ता भएका कृषि व्यवसायमा संलग्न फार्म वा कम्पनीले गाउँपालिकाको सिफारिससहित कर्जाका लागि आवेदन दिन सक्नेछन्।

बैंकले कृषि कर्जा निर्देशिका, २०६९ (संशोधनसहित) अनुसार लगानी गरिने यो कर्जा अवधिक र चालु पुँजी दुवै प्रकृतिको हुनेछ। यो कर्जा ग्रेस अवधिसहित अधिकतम १० वर्ष अवधिका लागि प्रदान गरिनेछ। बढीमा रु १० लाखसम्म प्रदान गरिने किसान सरल कर्जामा आधार दरमा पाँच प्रतिशत प्रिमियम जोडी ब्याजदर निर्धारण गरिएको छ। गाउँपालिकाले आफ्नो कोषबाट ऋणीलाई एक प्रतिशत ब्याज अनुदान दिने गाउँपालिका अध्यक्ष धितालले जानकारी दिए।

यो कर्जा लगानीपश्चात् कृषिउपजको व्यावसायिक उत्पादन भई स्वरोगारमा वृद्धि हुने, आयआर्जन बढ्ने, आयात प्रतिस्थापन हुने तथा गाउँपालिकाको नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको गाउँपालिका प्रवक्ता तीर्थ वडले बताए।

# बेतबाँसका सामग्री बेचेर मासिक ७० हजार आम्दानी गर्दै बाधुराम

**युग संवाददाता**
**कैलाली, १२ मंसिर ।** धनगढी उपमहानगरपालिका–४ उत्तरबेहडीका बाधुराम चौधरीले व्यावसायिक रूपमा बेतबाँसका सामग्री बेचेर मासिक रु ७० हजार आम्दानी गर्दै आएको छ। लामो समयदेखि उनले आफ्नो हस्तकला सीप प्रयोग गरी बेतका विभिन्न सामग्री निर्माण गरी बिक्री गर्दै आएको हो।

चौधरीले आफ्नो उद्योगबाट घरायसी प्रयोगमा आउने थरिथरिका सामग्री बनाएर बिक्री गर्दै आएको हो। उद्योग सञ्चालनमा उनलाई परिवारका सबै सदस्यले साथ दिएको छ। बेतबाँसका विभिन्न सामग्री बिक्री गरेर बालबच्चाको लालनपालन, शिक्षादिक्षा र घरपरिवारको सम्पूर्ण खर्च धान्दै आएको चौधरीले बताए।

"श्रीमान् श्रीमती र छोराछोरी गरी घरमा पाँच जनाको जहान छ। छोराछोरीलाई बिहान स्कुल पढ्न पठाएर बुढाबुढी यही काममा खटिन्छौं। परिवारको सम्पूर्ण खर्चको मुख्यस्रोत यही उद्योग हो, अन्य कुनै पनि घरखर्च चलाउने बाटो छैन्" उनले भने, "सोही व्यवसायले परिवारको पूरै खर्च धान्दै आएको र केही बचत पनि हुने गरेको छ।"

सुरुमा व्यवसाय सुरु गर्दा आर्थिकस्थित एकदमै कमजोर थियो। घरखर्च र जीविकोपार्जनमा समस्या हुँदै आएकामा अहिले सोही व्यवसायबाट परिवारको सम्पूर्ण खर्चसँगै केही बचतसमेत हुन थालेको चौधरीले बताए।

सुरुका दिनमा बेतबाट निर्मित सामग्रीले बजार पाउन कठिन भए पनि अहिले यसको माग बढ्दै गएको छ। "अहिले बजार पनि पाउन थालेकाले बिक्री प्रशस्त हुन्छ", उनले भने, "अहिले ग्राहकको माग अनुसार सामग्री पुऱ्याउन सकिरहेका छैनौं।"

# सुक्खा पहिरोमा पुरिएका कामदारको शव निकालियो

**युग संवाददाता**
**कालीकोट, १२ मंसिर ।** कर्णाली करिडोरअन्तर्गत कालीकोटको पचालझरना गाउँपालिका-६ घाटाचौर क्षेत्रमा सुक्खा पहिरो खसेर पुरिएका एक जना कामदारको शव निकालिएको छ।

बिहीबार बेलुका कर्णाली करिडोरको घाटचौर भिरमा सुक्खा पहिरोमा पुरिएका कामदारको आज शव निकालिएको हो। सडक खन्न प्रयोग भइरहेको डोजरका लागि डिजल बोकेर हिँडेका पचालझरना-७ नुवाखेतका २९ वर्षीय पृथ्वी बोहोरा पहिरोमा पुरिएका थिए।

डोजरले चट्टान पन्छाएपछि आज दिउँसो निजको शव निकालेर आफन्तलाई बुझाइएको जिल्ला प्रहरी कार्यालय कालीकोटले जनाएको छ। पहिरोसँगै ठूलो चट्टान खसेकाले पुरिएका बोहोरालाई निकाल्न ढिलाइ भएको प्रहरीले जनाएको छ। बिहीबार बेलुका शव निकाल्ने प्रयास गरिए पनि अँध्यारोले सम्भव नभएको स्थानीय टेकबाहादुर बोगटीले बताए। कर्णाली करिडोरअन्तर्गत थिर्पु घाटचौरबाट बाजुराको पिलुचौरसम्म नेपाली सेनाको विकास निर्माण कार्यदलले विस्फोटनसहित ११ किलोमिटर सडक निर्माण गरिरहेको छ।

एचआईभी/एड्स रोगबाट बचौं र बचाऔं ।

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,
- लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- समय-समयमा एचआईभी/एड्सलगायतको परीक्षण गरौं,
- एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसंग सम्पर्क गरौं।

सावधानी अपनाऔं, स्वस्थ रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै कित(ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)







युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।